# पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४ मितिः २०८१।०८।१३

## भाग-२

## पथरी शनिश्चरे नगरपालिका

कार्यविधिको नामः सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०८/११

प्रमाणिकरण मितिः२०८१/०८/१३

# सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम कार्यानव्यन कार्यविधि २०८१

पृष्ठभूमी: उपलब्ध कृषि जमिनको अधिकतम उपयोगका लागि जमिनको चक्लाबन्धी वा एकिकृत गरी उन्नत प्रविधि अवलम्बन गर्दै यन्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक, प्रतिस्पर्धा र व्यवसायिक बनाउन सामूहिक खेति प्रवर्द्धन गर्न कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७७ को दफा ३६ बमोजिम सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम कार्यानव्यन कार्यविधि २०८१ तयार गरि लागु गरिएको छ।

## परिच्छेद — १

**प्रारम्भिक**

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा: (१) यस कार्यविधिको नाम सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम कार्यानव्यन कार्यविधि २०८१ रहेको छ

(ख) यो कार्यविधि नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुनेछ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कृषि उपज" भन्नाले बाली (अन्न, दलहन, तेलहन, औद्योगिक), बागवानी (तरकारी, आलु, मसला, पुष्प, फलफूल, चिया, कफि), घाँसे बाली, पशुपन्छी, मत्स्य, च्याउ, मौरी तथा अन्य व्यवसायिक कीट समेतलाई जनाँउदछ।

(ख) "नगर स्तरिय मूल्याङ्कन समिति " भन्नाले दफा ६ को १ बमोजिमको समितिलाई जनाँउदछ।

(घ) "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई जनाँउदछ।

(ङ) "साँझेदार संस्था" भन्नाले यस कार्यविधि अनुरुप सामूहिक खेती प्रवर्धन कार्यक्रममा सहभागी हुन इच्छुक कृषि सहकारी, कृषक समूह, कृषि उद्यमी, कृषि उद्योग तथा व्यवसायीक कृषि फार्म सम्झनुपर्दछ।

(च) "शाखा" भन्नाले नगरको कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखालाई जनाँउदछ।

(छ) "साना पुर्वधार" भन्नाले जमिन चक्लाबन्दी गर्ने, जमिन सम्याउने, साना सिंचाई, संकलन केन्द्र,मल /बीउ/विषादी/औजार उपकरण, बिक्री कक्ष, थोक तथा खुद्रा हाट/बजार निर्माण, प्याकिङ्ग हाउस, ग्रिन हाउस निर्माण लाई जनाँउदछ।

(ज) "प्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

(झ) "उपप्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको उप-प्रमुख सम्झनुपर्दछ।

(ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ।

(ट) "शाखा प्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाको प्रमुखलाई जनाँउदछ।

(ठ) "आर्थिक विकास समिति संयोजक" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको आर्थिक विकास समितिका संयोजकलाई जनाँउदछ।

(ड) "साझेदारी संस्था" भन्नाले यस कार्यविधि अनुरुप सामूहिक खेती प्रवर्धन कार्यक्रममा सहभागी हुन इच्छुक कृषि सहकारी, कृषक समूह, कृषि उधमी, कृषि उद्योग तथा व्यवसायीक कृषि फार्म सम्झनु पर्छ।

(ढ) "साना पुर्वधार" भन्नाले जमिन चक्लाबन्दी गर्ने, जमिन सम्याउने, साना सिंचाई, साना कृषि सडक (एकीकृत र चक्लाबन्दी गरिएको जमिनमा हुने भित्री बाटो, संकलन केन्द्र, मल/बीउ विषादी/औजार उपकरण, बिक्री कक्ष, थोक तथा खुद्रा/हाट बजार निर्माण, मौरी लगायत र कृषि जन्य उद्योगसंग सम्बन्धित पूर्वधार सम्झनु पर्छ।

(ण) " सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम कार्यान्वयन तथा सहजिकरण समिति" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ।

३. उद्देश्य:

(क) खेती गरिने जमिनलाई एकिकृत वा चक्लाबन्दी गरी आधुनिक र व्यवसायिक कृषिको प्रवर्द्धन गर्न।

(ख) साना तथा सिमान्तकृत कृषकहरुको आयश्रोत तथा जिवनस्तर अभिवृद्धि गर्न।

(ग) स्थानीय स्तरमा रोजगारी श्रृजना गर्न।

(घ) बृहत्त कृषि उत्पादनका लागि विशिष्टकृत क्षेत्रहरु निर्माण गर्न।

## परिच्छेद-२

## कार्यक्रम संचालन

**४. प्रस्ताव आव्हान**

(१) सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम संचालन गर्न ईच्छुक कृषक सदस्य भएका साझेदार संस्थावाट प्रस्ताव पेश गर्न नगरपालिकाको कृषि विकास शाखाले कम्तिमा १५ दिने म्याद दिई सूचना प्रकाशन गर्नेछ।

(२) संस्थाले अनुसूचि २ बमोजिमको निवेदन र अनुसूची ३ मा उल्लेख भए बमोजिम सामूहिक खेति सम्बन्धी योजना/प्रस्ताव, अनुसूची ५ बमोजिम लागत साझेदारी प्रतिबद्धता पत्र र अनुसूची ६ बमोजिमको सम्मान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

(३) प्रस्तावमा उल्लेख गरिएको ठोस क्रियाकलापहरुको प्राविधिक डिजाईन तथा स्टिमेट साथमा उत्पादन प्रक्षेपण र आर्थिक विश्लेषण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै प्रस्ताव सहित विस्तृत परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ।

**५. निवेदन दिन आवश्यक योग्यता**

(क) साझेदार संस्थाले कार्यक्रम संचालनको लागि तालिका १ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नुपर्नेछ र त्यसका नियमानुसार प्रमाण पुर्याउनु पर्नेछ।

| | बाली/वस्तुको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | उत्पादन/कैफियत |
|---|---|---|---|
| | | सामुहिक | |
| १ | अन्नबाली | ५ विघा | |
| २ | दलहन, तेल्हन बाली | २ विघा | |
| ३ | तरकारी,पुस्प तथा मसला बाली | १ विघा | |
| ४ | आलु | १ विघा | |
| ५ | च्याउ | १० वटा टनेल ५०० बर्ग फिट | |
| ६ | आँप,,अम्वा,लिचि,रुखकटहरु,भुईकटहर,<br>अनार,कागति,ड्रगन फ्रुट,अंगुर,<br>काजु | १ विघा | |

| | | | |
|---|---|---|---|
| ७ | केरा | १ विघा | |
| ८ | उखु | १ विघा | |
| ९ | मौरी पालन | १०० घार/गोला | |
| १० | माछा पालन | ५ विगाहा | |
| ११ | बाखा | ५० माउ | |
| १२ | बंगुर/सुँगुर | २० माउ | |
| १३ | गाई/भैसी | गाई २० माउ, भैसी २० माउ | |
| १४ | कुखुरा | १०००० वटा | |
| १५ | हाँस | १००० वटा | |
| १६ | घाँस खेति | २ विघा | |
| १७ | खाद्यान्न बीउ उत्पादन | १ विघा | |

(ग) प्रचलित कानून बमोजिम साझेदार संस्था दर्ता भएको हुनुपर्नेछ।

(घ) निवेदकले कानून अनुसार पुरा गर्नपर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण करचुक्ता नविकरण पुरा गरेको हुनुपर्नेछ। यस आ.व. मा दर्ता भएको हकमा लागू हुने छैन।

(ङ) आवेदकले सामुहिक खेती कार्यान्वयनका लागि बढीमा नौं सदसुयीय सामूहिक खेती व्यवस्थापन समिति गठन गर्नुपर्नेछ। उक्त समितिले सम्झौतामा उल्लेख भए बमोजिमको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने, आवद्ध कृषक घरधुरीलाई सामूहिक खेती संचालनका लागि परिचालन, नियमन, समन्वय, प्रतिवेदन लगायतका कार्य गर्नुपर्नेछ।

**६. मूल्याङ्कन तथा सहजिकरण समिति:**

(१). सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम मूल्याङ्कन तथा सहजिकरण गर्न तपसिल बमोजिमको नगरस्तरिय सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम मूल्याङ्कन तथा सहजिकरण समिति गठन हुनेछ।

| | |
|---|---|
| क. नगर उप-प्रमुख | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ. पशु पन्छी शाखा प्रमुख | सदस्य |
| ङ. कृषि विकास शाखा | सदस्य सचिव |

(२) सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम मूल्याङ्कन तथा सहजिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

क. नगर स्तरमा मूल्याङ्कन समितिले प्रस्ताव तथा स्थलगत निरीक्षण गरी अनुसूची १ मा उल्लेखित मूल्यनङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गरि छनौट गर्नेछ।

ख. कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अप्ठ्यारो समस्या आईपरेमा सो को समाधानको लागि आवश्यक पहल गर्ने।

ग. कार्यक्रम कार्यानव्यन गर्न प्रादेशिक , संघीय सरकारी निकाय, अर्धसरकारी निकाय,सहकारी, संघ, संस्थाहरु र अन्य सरोकारवालाहरुसंग आवश्यक छलफल गरि राय सुझाव लिने।

घ. सामूहिक खेति कृषक समितिको व्यवसायिक योजना, बार्षिक कार्यक्रम तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने।

ङ. कृषि तथा पशुपन्छी विकास क्षेत्रमा विकास भएका नविनतम प्रविधिहरुको अध्ययन, अवलोकन तथा अवलम्वन गर्न सहजिकरण गर्ने।

**७. सम्झौता र कार्यान्वयन**

(१) अनुसूची १ बमोजिम मापदण्ड पूरा भई मूल्याङ्कन समिति द्वारा छनौट भएको साझेदार संस्थालाई कृषि विकास शाखा/पशुपन्छी विकास शाखाले जानकारी गराई १५ दिनको म्याद राखी अनुसूची ४ बमोजिमको ढाँचामा सम्झौता गराउनुपर्नेछ।

(२) समयसीमा भित्र सम्झौता गर्न नआउने संस्थाको छनौट स्वत रद्द भएको मानी क्रमश दोस्रो, तेस्रो क्रममा रहेको प्रस्तावकलाई सात दिन समयावधि दिई सम्झौता गर्न सकिनेछ।

(३) प्रस्ताव आव्हान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गरर्न नआएमा पुन सात दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्ने सकिनेछ।

(४) कार्यक्रम संचालनको दैरान खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार नगरपालिकाले खरिद गरि हस्तान्तरण गर्न सकिनेछ।

**८. संचालन गरिने क्रियाकलाप:** (१) सामुहिक, सहकारी खेती प्रोत्साहान कार्यक्रममा संचालन गर्न साझेदार संस्थाले देहाय कमोजिमका क्रियाकलापहरु संचालन गर्न सक्नेछ।

क. जमिन सम्याई चक्लाबन्दी गर्ने

ख. सामाजिक परिचालन, संस्था निर्माण र सशक्तिकरण बारे तालिम तथा गोष्ठी संचालन गर्ने।

ग. कार्यविधि र कार्यक्रमवारे अभिमुखिकरण संचालन गर्ने।

घ. आवश्य पर्ने उत्पादन सामाग्रीहरुको(बीउ,विजन,विरुवा,मल,विषादी,मौरीघार लगायतका) मात्रा तथा गुणस्तर पहिचान गरी सो को आपूर्ति गर्ने।

ङ. साना पूर्वाधारहरुको(जमिन चक्लाबन्धी,जमिन सम्याउने,साना सिंचाई,साना कृषि सडक,संकलन केन्द्र,मल/बीउ,विषादी/औजार उपकरण बिक्रि कक्ष,थोक तथा खुद्रा/हाट बजार निर्माण,प्याकिङ्ग हाउस,ग्रिन हाउस निर्माण) निर्माण तथा मर्मत सम्भार गर्ने।

च. कृषि यन्त्रिकरणका लागि यन्त्र उपलब्ध गराउने।

छ. कृषि उपजहरुको सुरक्षित भण्डारणको प्रवन्ध मिलाउने।

ज. सरकारी-निजी-सहकारी, सरकारी-निजी वा सरकारी-सहकारीको साझेदारीमा प्रशोधन उद्योग स्थापना र संचालन गर्ने।

झ. आधुनिक उन्नत एवम दिगो कृषिका प्राविधिकहरुको विकास एवं प्रसार सम्बन्धी कार्यक्रम संचालन गर्ने।

ञ. कृषि उपजको उचित मूल्य र बजारको सहज पहुँचको व्यवस्था मिलाउने।

ट. कृषि उपजको उचित व्यवस्थापन गर्नको लागि घुम्ति गोदाम सेवा (Mobile Storage Facilities) सूचालन् गर्न सकिनेछ।

ठ. सरकारी, सहकारी तथा निजी क्षेत्रको संयुक्त साझेदारीमा कृषक समूहहरु समेतालाई संगठीत गरी पब्लिक कम्पनिले सामुहिक खेती कृषि उद्योगको रुपमा स्थापना गरी व्वयसायीक रुपमा संचालन गर्ने।

ड. स्वीकृत बार्षिक कार्यक्रम अनुसार अन्य प्रवर्धानात्मक र उत्पादनमूलक क्रियाकलाप संचालन गर्ने।

(ढ) उपदफा ८ को (१) बमोजिम क्रियाकलाप संचालन गर्नका लागि साझेदार संस्थाले सम्बन्धित शाखासंग समन्वय गर्नुपर्नेछ।

९. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन नगर मूल्याङ्कन समितिले गर्नेछ।

## परिच्छेद-३

## आर्थिक पक्ष

१०. कार्यक्रम संचालन आर्थिक पक्षः (१) दफा ८ बमोजिमका क्रियाकलाप संचालन गर्न स्वीकृत बार्षिक बजेटको परिधि भित्र रही सामूहिक खेति गर्ने साझेदार संस्थालाई आयोजनाको कूल लागतको बढीमा ७० प्रतिशत अनुदान उपलब्ध गराईनेछ। यस कार्यक्रमलाई बहुबर्षिय कार्यक्रमको रुपमा संचालन गरिनेछ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी वापत छुट्याईने छ र त्यसको खर्च सूचना प्रकाशन, बैठक भत्ता, अनुगमन तथा मूल्याङ्कन, इन्धन, संचार लगायतमा गर्नुपर्नेछ।

(३) साझेदार संस्थालाई सम्झौता बमोजिम कार्य सम्पन्न गरेपश्चात अनुगमन गरि नियमानुसार कर कट्टा गरि नगर पालिकाले सम्बन्धित संस्था वा आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नेछ।

## परिच्छेद – ४

## विविध

११. कार्वाहीको व्यवस्थाः (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई नगरले अनुदान रोक्का गर्नेछ।

(२) साझोदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थावाट दोब्बर जरिवाना सहित प्रचलित कानुन बमोजिम अनुदान रकम असुल उपर गरिनेछ।

१२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडचन परेमा नगर दफा ६ को (१) बमोजिको समितिले बाधा अडचन फुकाउन सक्नेछ।

१३. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची १

दफा ६ को उपदफा २ को क संग सम्बन्धित

**सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रममा सहभागितका लागि मूल्याङ्कनका आधारहरु**

| क.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रतिको अनुभव | २० | |
| २ | पेश गरेको कार्ययोजना | ३० | |
| ३ | प्रस्तावित व्यवसायको प्राविधिक सम्भाव्यता उपयुक्तता | ३० | |
| ४ | स्वलगानी तथा उत्पादन हुने वस्तुको बजार संभावना | २० | |

## अनुसूची २

दफा ४ को १ संग सम्बन्धित

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/ /**

यस पथरी शनिश्चरे नगरपालिका, कृषि विकास शाखाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१ बमोजिम कार्यक्रम संचालन गर्न यस नगरका कृषि सहकारी, कृषक समूह, कृषि उधमी, कृषि उद्योग तथा व्यवसायिक कृषि फार्महरुले यो सूचना प्रकाशित भएको १५ औं दिन सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची ३ बमोजिमको प्रस्ताव कृषि विकास शाखामा दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

१. रु १० को हुलाक टिकट टाँस गरेको निवेदन।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र।
३. संस्थाको हकमा स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी।
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि।
५. जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि (ऐलानी भए वडाको सिफारिसमा उल्लेख गर्ने)
६. प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको स्व घोषणा पत्र।
७. प्रस्ताव अनुसारको लागत अनुमान।

अनुसूची ३

दफा ४ संग सम्बन्धित

## सामुहिक, सहकारी खेती प्रोत्साहन अनुदान कार्यक्रमको प्रस्ताव पत्र

| | | |
|---|---|---|
| क | प्राविधिक प्रस्ताव | |
| १ | प्रस्ताविक कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क नं./टेलिफोन | |
| ६ | ईमेल | |
| ७ | आवेदक संस्थाको दर्ता नँ. | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर | |
| १० | पान/भ्याट दर्ता नं. | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतवाट व्यहोर्ने रकम रु | |
| १३ | नगर संग माग गरेको रकम रु | |
| १४ | प्रस्ताविक कार्यक्रमको उद्देश्य | |
| | | |
| | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | |
| | सडक सुविधा(छ/छैन) | | नजिकको बजारको नाम | |
| | कस्तो सडक छ (कच्ची/पक्की) | | बजार सम्मको दुरी(कि.मि) | |
| | विजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी | |
| | खानेपानिको सुविधा(छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमवाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | | |
| १७ | लक्षित समुदाय(अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमवाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| | |
| | |
| | |
| | |
| १९ | कृयाकलाप कार्यान्वयन योजना |

| | योजना | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत | बैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु(बुंदा गत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| | | |
| | | |
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने। | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु |
| | | |
| | | |
| | | |
| २२ | प्रस्तावकले विगत बर्षमा सम्पन्न गरेको उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रम संग मेलखाने मात्र) | |
| | | |
| | | |
| २३ | उपरोक्त कार्यसम्पादनका लागि भएको लगानी रकम रु | |
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | |
| | अनुभव तथा तालिमहरु | अवधि |
| | | |
| | | |

| | | | |
|---|---|---|---|
| २५ | प्रस्तावक संग विद्यमान जनशक्ति विवरण | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| | | | |
| | | | |
| | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्या. | | |
| ख | आर्थिक प्रस्ताव | | |

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको

| क.सं. | मुख्य मुख्य क्रियाकलापहरु | ईकाइ | परिमाण | प्रति ईकाइ दर | कुल लागत रकम रु | प्रस्तावकको योगदान रु | कार्यालयवाट अनुदान रु | प्रस्तावकले व्यहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा रकम रु | | | | | | | | |
| VAT रकम रु | | | | | | | | |
| कुल जम्मा रकम रु | | | | | | | | |

उल्लेखित सम्पुर्ण विवरणहरु सहि रुपमा पेश गरेको छु/छौं। केही कतै झुठोठहरेमा कानुनबमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराँउदछु/छौं।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

अनुसूची - ४

दफा ७ संग सम्बन्धित

## सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रमको सम्झौता पत्र

पथरी शनिश्चरे नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित सामूहिक सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रम सम्बन्धी मिति .................. गते प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री .................. को प्रस्ताव छनौट भएको हुँदा पथरी शनिश्चरे नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र श्री.................. (यस पछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पनलना गर्ने गरि कार्यक्रम संचालनका लागि द्विपक्षिय सम्झौता गरि बुझिलियौं/दियौं।

तपशिल:

क. प्रथम पक्षले साझेदारीमा आधारित कार्यक्रम संचालनको लागी विनियोजित रु.......... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु ........ कट्टा गरी दोस्रो पक्षलाई रु..... बराबरको आर्थिक अनुदान बैक खाता मार्फत प्रदान गर्नेछ ।

ख. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी मोरङ्ग जिल्ला पथरी शनिश्चरे पालकि ............... नं वडाका ........................ भन्ने स्थानमा निर्धारीत समय भित्रै सम्पन्न गर्नेछ ।

ग. दोश्रो पक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्रै सम्पन्न गर्नेछ ।

घ. कार्यक्रम संचालनका लागी आवस्यक निर्माण सम्बन्धि अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, ढुवानी संचालन र जग्गाका व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

ङ. कार्यक्रम संचालनको दैरान खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार नगरपालिकाले खरिद गरि हस्तान्तरण गर्नेछ।

च. दोश्रा पक्षले सुरुमा आफना तर्फका लगानीबाट सम्पन्न भएका कामका नियमानुसारका बिल, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक वडाको सिफारिस तथा सम्बन्धित शाखाको सिफारिस अन्य कागजात सहित भुक्तानीका लागी प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे पश्चात दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

छ. प्रथम पक्षल कुनैपनि बखत संचालित कार्यका अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएका हेर्ने र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

ज. दोश्रापक्षले कार्यक्रम संचालन स्थलमा सवैले देखे गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायका नाम र अनुदान रकम उल्लेखित बोर्ड राखेछ ।

झ. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातका सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित घटना आदि सवैप्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

ञ. दोस्रो पक्षले नियमित रुपमा कम्तिमा चौमासिक अवधिमा कार्यक्रमका प्रगती, उपलब्धी एवम् कारोवार सम्बन्धि विवरणहरु सम्बन्धित कार्यालय मार्फत प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

ट. कार्यक्रम संचालनको दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षका आपसी सहमति अनुसार हुनेछ ।

ठ. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षका आपसी सहमति अनुसार हुनेछ।

ड. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ। सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षवाट दश प्रतिशत हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ।

| दोस्रा पक्षका तर्फवाट | प्रथम पक्षका तर्फवाट |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयका छापः | कार्यालयका छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयका छापः | कार्यालयका छाप |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम ।

अनुसूची - ५

दफा ४ संग सम्बन्धित

**सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रमको लागत साझेदारी गर्ने प्रतिबद्धता**

श्री पथरीशनिश्चरे नगरपालिका, कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखाको मिति२०८१/ / गतेको प्रकाशित सूचना अनुसार पथरीशनिश्चरे नगरपिलका वडा नं..... मा अबस्थित श्री ..............ले लागत साझेदारीमा संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रकम रु....................।को ७०...........प्रतिशतले हुन आउने रकम रु........... (अक्षरेपी रु.......) .लागत साझेदारी गरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :श्री

मिति :२०८१।

संस्थाको छाप :

| दायाँ | वायाँ |
|---|---|
| | |

अनुसूची - ६

दफा ४ संग सम्बन्धित

**सामुहिक, सहकारी खेती प्रोत्साहान अनुदान कार्यक्रमको समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा**

श्री पथरीशनिश्चरे नगरपालिका, कृषि विकास/पशुपन्छी तथा मत्स्य विकास शाखाको मिति २०८१।  । गतेको प्रकाशित सूचना अनुसार पथरीशनिश्चरे नगरपिलका वडा नं....... मा अबस्थित श्री................ ले साझेदारीमा पेश गरेको कार्यक्रम सँग मेल खाने खालको कार्यक्रम विगत २ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/ निर्देशनालय/ विज्ञकेन्द्र, ज्ञान केन्द्र तथा स्थानिय तह बाट  अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा संझौता रद्ध लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निवेदकको

| दायाँ | वायाँ |
|---|---|
| | |

दस्तखत :

नाम :श्री

मिति :२०८१।

संस्थाको छाप :